# कुमारी बैंक लिमिटेडको
# तेईसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/१०/१० गते बुधबार)

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८०/०९/२४ गते बसेको यस बैंकको सञ्चालक समितिको बैठक संख्या: १४-०८०/०८१ को निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्नका लागि यस बैंकको तेईसौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८० साल माघ महिना २८ गते आइतबार (तदनुसार ११ फेब्रुवरी २०२४)

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, टुँडिखेल, काठमाण्डौं ।

समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको आ.व.२०७९/८० वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, आ.व.२०७९/०८० को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेड र के.वि.एल. सेक्युरिटिज लि.को आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने वारे ।

४. कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५. बैंकको संचालक समितिमा प्रतिनिधित्व हुने संस्थापक समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३ (तीन) तथा सर्वसाधारण समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३ (तीन) जना गरी ६(छ) जना संचालकहरुको निर्वाचन गर्ने । (प्रचलित कानुन तथा बैंकको नियमावली बमोजिम कुल ६(छ) जना मध्ये एक जना महिला संचालकको लागि निर्वाचन हुने) ।

**ख. विशेष प्रस्ताव**

१. बैंकले आ.व.२०७९/०८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) बमोजिम भएको खर्चलाई अनुमोदन गर्ने ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारी:**

१. बैंकको शेयरधनी दर्ता पुस्तिका मिति २०८०/१०/०९ गते १(एक) दिनका लागि यस बैंकको शेयर दाखिल खारेज बन्द (Book Close) हुनेछ र सो बमोजिम मिति २०८०/१०/०९ गतेको अघिल्लो दिन अर्थात २०८०/१०/०८ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोवार भई प्रचलित नियमानुसारको समयावधि भित्र यस बैंकको शेयर रजिष्ट्रार **कुमारी क्यापिटल लि.**ले प्राप्त गरेको शेयर नामसारीको लिखतको विवरणका आधारमा शेयर दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र तेइसौं साधारण सभामा सहभागी हुन योग्य हुनेछ ।

२. सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन, सभा शुरु हुनु भन्दा ७२ घण्टा पहिले बिहान ११:०० बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, टङ्गालमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति बैंकको शेयरधनी हुनु आवश्यक छ ।

३. प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सि स्वत: बदर हुनेछ ।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सि) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सि) स्वत: बदर हुनेछ तर प्रतिनिधि (प्रोक्सि) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि स्वत: बदर भएको मानिनेछ ।

५. छलफलको विविध विषय अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनी महानुभावहरुले आफुले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनु भन्दा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, टंगालमा लिखित जानकारी दिनु पर्नेछ । तर सो कुरा अध्यक्षको अनुमति भएमा मात्र छलफल गरिनेछ र पारित विषय अन्तर्गत समावेश गरिने छैन ।

६. साधारण सभा सम्बन्धी संचालक समितिको प्रतिवेदन सहितका कागजातहरु हेर्न वा प्रतिलिपि आवश्यक भएमा बैंकको रजिष्टर्ड कार्यालय, टंगाल वा बैंकको शेयर रजिष्ट्रार कुमारी क्यापिटल लि.को कार्यालय, नक्शाल काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

***वार्षिक प्रतिवेदन पुस्तिका प्राप्त गरी नसकेका शेयरधनीहरुले यस बैंकको वेभसाईट www.kumaribank.com बाट समेत डाउनलोड गर्न वा हेर्न सकिनेछ ।***

७. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । साधारण सभाको हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

८. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो आधिकारिक परिचयपत्र सहित शेयरधनी नंबर वा अभौतिकीकरण गरिसकेको शेयरको हकमा BOID (हितग्राही परिचय नम्बर) प्रस्तुत गर्नुहुन अनुरोध छ ।

९. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मतिबाट आफु मध्ये नियुक्त गरिएको एक जना शेयरधनीले वा सर्वसम्मतवाट नियुक्त प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

१०.नाबालक वा भिन्न शारीरिक क्षमताका शेयरधनीको तर्फवाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नु हुनेछ ।

११.शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फवाट अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले जवाफ दिन सक्नेछन् ।

**संचालक निर्वाचन सम्बन्धी थप जानकारी:**

(१) निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरी तोकेको कार्यक्रम बमोजिम हुनेछ । साधारण सभाको दिनभन्दा कम्तीमा ५ (पाँच) दिन अगाडि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्नेछ । उक्त सूचना बैंकको वेवसाईट www.kumaribank.com मा प्रकाशन हुनेछ ।

**पुनश्च:**-साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक भएमा बैंकको वेभसाईट www.kumaribank.com मा वा कम्पनी सचिवको कार्यालय, टंगालमा सम्पर्क राख्न सक्नु हुनेछ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

Corporate Office, Thirbam Sadak, Tangal, Kathmandu, Nepal
Phone No.:977-1-4543075/76/77, SWIFT: KMBLNPKA
Email: info@kumaribank.com, URL: www.kumaribank.com